# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधी, २०७८

## कृष्णनगर नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी कृष्णनगर नगरपालिकाले देहाएको कार्यविधी बनाएको छ।

**१** संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधीको नाम "लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी २०७८ कृष्णनगर नगरपालिका" रहेको छ ।

(२) यो कार्यविधी कृष्णनगर नगरपालिका नगर प्रमुख ज्युले प्रमाणिकरण गरे पछि लागु हुनेछ ।

**२** परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

क) कार्यालय भन्नाले कृष्णनगर नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख) कोष भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

ग) पीडित भन्नाले लैङ्गिक हिंसावाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

घ) समिति भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

ङ) लैङ्गिक हिंसा भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुव्यवहार सामाजिक कुरीति जन्य व्यवहार लगाएत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्दछ ।

**३** कोषको स्थापना : (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।



रजत प्रताप शाह
नगर प्रमुख

CamScanner

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) हिंसा पीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

(ज) नगर वा गाउँपालिका विपक्षी भएको लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन ।

(झ) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा ।

(२) उफदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसावाट पीडित बालबालिका तथा किशोर बिशोरी वा लैङ्गिक हिंसावाट प्रभावित भई लागु पदार्थको दुर्व्यशनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्ने छ ।

६ कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने : (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन

७ तत्काल उद्धार तथा राहत समितिको गठन : (१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक तत्काल उद्धार तथा राहत समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाए बमोजिम हुनेछ ।

कोष सञ्चालन समिति गठन

(क) नगरप्रमुख वा उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख - सदस्य



राजेन्द्र प्रताप शाह
नगर प्रमुख

(घ) प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) ईलाका प्रहरी कार्यालयको प्रमुख - सदस्य

(च) समितिका संयोजकले तोकेको - सदस्य

महिला सदस्यहरु मध्यबाट १ जना

(छ) महिला तथा बालबालिका शाखा - सदस्य सचिव

(३) उपदफा (२ को खण्ड (४) बमोजिमको सदस्यको पदावधी २ वर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय कृष्णनगर नगरकार्यपालिकाको कार्यालयमा रहने छ ।

## ८ सञ्चालक समितिको काम कर्तव्य र अधिकार :

सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नगरपालिका बाट स्वीकृति, नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने ।

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यालयमा रकम व्यवस्था गर्ने ।

(ग) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने ।

(घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने ।

(ङ) नगरपालिका स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु विच समन्वय गर्ने ।



रजत प्रताप शाह
नगर प्रमुख

नबढ्ने गरी लागेको यथार्थ पीडित संग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलव्ध गराउन सकिने छ ।

(ग) कानुनी सहायता मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेशण गर्नु परेमा पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैया ।

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैया

(२) उपदफा (१) बमोजिमको रकम अप्रयाप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैया नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलवधि गराउन सकिने छ ।

**१२** राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने : (१) यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहिने पीडित वा सरोकार वाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाइ तोकिएको ढाचाँमा कार्यालयमा निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले दफा १३ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने छ ।



रजत प्रताप शाह
नगर प्रमुख

(च) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) नगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धि घटनाको अभिलेख अद्यवधिक गर्ने ।

(ज) सीप मुलक तालिम सञ्चालन तथा व्यवसायका लागिि खर्च अनुदान व्यवस्थापन गर्ने ।

(झ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संस्थाहरु संग सम्न्वय गर्ने ।

(ञ) कोष वृद्धिका लागि सोको खोजी गर्ने ।

(ट) लैङ्गिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने ।

८ समितिको वैठक र निर्णय : (१) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(२) समितिको वैठक संयोजकले तोकेको मिति समय रस्थानमा वस्नेछ ।

(३) समितिको वैठंक वस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिका सदस्य सचिवले बैठकमा छलफल हुने कार्य सुची सहितको सुचना सवै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्य ले आफुमध्यबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।



रंजन प्रताप शाह
नगर प्रमुख

(७) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी पदाधिकारी वा अन्य कुनै व्यक्तिलाइ समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य सचिवले प्रमाणित गरी राख्ने छ ।

(९) समितिको बैठक सम्वन्धि अन्य कार्यविधी सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१० कोषमा रकम उपलव्ध गराउने** : पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनका लागि नगरपालिकाले कोषको नाममा रकम निकाशा दिनेछ ।

**११ राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने रकमको हद र आधार** : (१) यस कार्यविधी बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउदा देहाएको आधारमा देहाएको रकममा नवढ्ने गरी उपलव्ध गराइने छ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन ३००/- रुपैया र बास बस्ने पर्ने भए सो बापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन ५००/- रुपैयाको दरले बढीमा पाँच हजार रुपैया ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम खाना खर्च बापत प्रतिदिन ३००/- रुपैया अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च बापत प्रतिदिन ५००/- रुपैया उपचार र खाना समेत गरी बढीमा छ हजार पाँच सय रुपैयामा



रजत प्रताप शाह
नगर प्रमुख

**१३** तत्काल रकम उपलव्ध गराउन सक्ने : (१) यस कार्यविधीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार औषधी उपचार पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा समितिको अध्यक्ष सो प्रयोजनका लागि कोषबाट दश हंजार रुपैयामा नबढ्ने गरी रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सकिने छ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि बस्ने समितिको वैठक बाट सो विषयको अनुमोदन गराउनुपर्नेछ ।

**१४** थप रकम निकाशा माग गर्न सक्ने : (१) समितिबाट नगरपालिकाको नाममा निकाशा भएको रकम अप्रयाप्त भएमा नगरपालिकाले सोको कारण खुलाई समिति संग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा समितिले नगरपालिकाको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकाशा दिन सक्नेछ ।

(३) लैंगिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भंको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रीय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकममा गर्न सक्नेछ ।

**१५** छुट्टै खाता खोल्नु पर्ने : स्थानीय तहले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

**१६** लैङ्गिक हिंसा निवारणका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रलालय तथा नेपाल सरकारका अन्य निकाय र प्रदेश सरकारबाट प्राप्त हुने बजेट तथा कार्यक्रम मापदण्ड तोकिई आएकोमा सोही बमोजिम र नतोकिएकोमा यसै कार्यविधीबमोजिम खर्च गर्न सकिन्छ ।



रंजित प्रताप शाह
नगर प्रमुख

१७ कोषको लेखा र लेखा परीक्षण : (१) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिने छ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षक बाट हुनेछ ।

१८ आवर्ति कोष : यो कोष आवर्ति कोषको रुपमा रहनेछ ।

१९ प्रतिवेदन पेश गर्ने : (१) समितिले प्रत्येक ६ महिनामा सो समिति बाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका र केन्द्रीय तत्काल उद्धार तथा राहत समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र सो समिति बाट अघिल्लो आर्थिक वर्ष भरीमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

२० बैठक भत्ता : सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिमा भाग लिए वापत कानुन बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

२१ निर्देशन दिन सक्ने : (१) नगरपालिकाले समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।



रुजत प्रताप शाह
नगर प्रमुख

अनुसुची मिति २०७८/ / गते

(नियम १२ को उपनियम (१) संग सम्वन्धित)

श्रीमान् अध्यक्ष ज्यु

स्थानिय तत्काल उद्धार तथा राहत समिति, कृष्णनगर नगरपालिका ।

विषय : सहयोग उपलव्ध गराईदिनु हुन ।

कृष्णनगर नगरपालिका वडा नं..........टोल ........................वस्ने वर्ष...............को लिंग.......................म.........................................................मिति ..................................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक अवस्था कमजोर रहेको छ । म माथि (घरेलु लैंगिक) हिंसा भएको कारणले मेरो (शारीरिक, मानसिक, आर्थिक, सामाजिक यौनजन्य तथा अन्य) अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार (कानुनी सहायता, परामर्श उद्धार, मनोविमर्श, स्वरोजगार, पुनर्स्थापना) तथा अन्य काम.........................................का लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय तह लैङ्गिक हिंसा निवारण कोष बाट सहयोग रकम उपलव्ध गराईदिनु हुन यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- वडा कार्यालयको सिफारिस
- लैङ्गिक हिंसा भएको पुष्ट्याई हुने आधिकारिक निकायको सिफारिस

निवेदकको

नामथर...........................

ठेगाना............................

दस्तखत............................



नगर प्रमुख

CamScanner